आज मिति २०८१।०५।११ गते बिहान ८:०० बजे बुद्धभूमि नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमि नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्य ज्यूहरु र कर्मचारीहरुको उपस्थिति देहाय बमोजिम रहेयो।

उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | नगर प्रमुख | बुद्धभूमि न.पा. १ | |
| २ | श्री मिरा थारु | उप प्रमुख | बुद्धभूमि न.पा. २ | |
| ३ | श्री तेज बहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमि न.पा. १ | |
| ४ | श्री सुरज प्रताप राणा | वडा अध्यक्ष | बुद्धभूमि न.पा. २ | |
| ५ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ३ | |
| ६ | श्री सुसिल कुमार चौधरी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ४ | |
| ७ | श्री रोम बहादुर थापा क्षेत्री | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ५ | |
| ८ | श्री ऐलेन्द्र प्रसाद कुर्मी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ६ | |
| ९ | श्री शालिकराम यादव | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ७ | |
| १० | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ८ | |
| ११ | श्री प्रमोद आचार्य | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ९ | |
| १२ | श्री सन्दीप कुमार पान्डेय | वडा अध्यक्ष | बुद्धभूमि न.पा. १० | |
| १३ | श्री कमला चौधरी | का. सदस्य | बुद्धभूमि न.पा. १ | |
| १४ | श्री शिवाली थारु | का. सदस्य | बुद्धभूमि न.पा. २ | शिवाली |
| १५ | श्री अनिता कुमारी पासी | का. सदस्य | बुद्धभूमि न.पा. ६ | अनिता |
| १६ | श्री विमला देवी कुर्मी | का. सदस्य | बुद्धभूमि न.पा. ८ | बिमला |
| १७ | श्री अनिता देवी यादव | का. सदस्य | बुद्धभूमि न.पा. ९ | अनिता |
| १८ | श्री प्रभावती लोहार | का. सदस्य | बुद्धभूमि न.पा. ७ | प्रभावती |
| १९ | श्री तारादेवी सुनार | का. सदस्य | बुद्धभूमि न.पा. ४ | |
| २० | श्री कमलेश बरई | का. सदस्य | बुद्धभूमि न.पा. १० | |
| २१ | श्री चुरामणी पन्थी | सदस्य-सचिव | बुद्धभूमि न.पा. | |

बैठक नं. ०२/२०८१।०८२

**मिति :२०८१।०५।११ गते बिहान ८:०० बजे बुद्धभूमि नगर कार्यपालिका बैठकको निर्णयहरू:**

१. **अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।**

**निर्णय:** मिति २०८१।०४।०२ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो । साथै कार्यान्वयनको क्रममा रहेका निर्णयहरू तदारूकताका साथ कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

२. **स्थानीय पाठ्यक्रममा आधारित ४-६ को पाठ्यपुस्तक सम्बन्धमा ।**

**निर्णय :** बुद्धभूमि नगरपालिकाको स्थानीय पाठ्यक्रम हाम्रो बुद्धभूमिमा आधारित पाठ्यपुस्तक हाम्रो बुद्धभूमि कक्षा ४, हाम्रो बुद्धभूमि कक्षा ५, हाम्रो बुद्धभूमि कक्षा ६ स्वीकृत गरियो ।

३. **वडा कार्यालयको भवन निर्माण सम्बन्धमा ।**

**निर्णय :** बुद्धभूमि नगरपालिकाको वडा नं. ३, ८ र ९ मा वडा कार्यालय भवन निर्माण गर्नु पर्ने भएकोले वडा कार्यालय निर्माण गर्ने स्थान र जग्गाको विवरण लिई ठेक्का प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

४. **बुद्धभूमि नगरपालिकाको भू-उपयोग मापदण्ड-२०८१ सम्बन्धमा ।**

**निर्णय :** बुद्धभूमि नगरपालिकाका प्रत्येक वडा समिति र अन्य सरोकारवाला निकायबाट प्राप्त राय, सुझाव अनुसार सडक, वस्ती, खेती योग्य जमिन एकिन गरी भू-उपयोग परिषदको बैठकबाट सिफारिस भएको भू- उपयोग मापदण्ड- २०८१ लाई स्वीकृत गरी नापी तथा मालपोत कार्यालय तौलिहवा कपिलवस्तुमा पठाउने निर्णय गरियो ।

५. **बालश्रम मुक्त वडा घोषणा सम्बन्धमा ।**

**निर्णय :** बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ को अनुसूची १ र अनुसूची २ अनुसारको तथ्याङंक संकलनका गरी बुद्धभूमि नगरपालिकाको वडा नं. ५,६,८ र १० बालश्रम मुक्त वडा मिति २०८१।०१।१८ गते घोषणा गरी सकेकोमा बुद्धभूमि नगरपालिकाको वडा नं. १,२,३,४,७ र ९ लाई बालश्रम मुक्त वडा घोषणा गर्न बाँकी रहेकोले तथ्यांक संकलन कार्यको लागि प्रति फाराम रू. ५० का दरले भुक्तानी गर्दा राष्ट्रिय जनगणना २०७८ को तथ्यांक अनुसार कुल वडाको घरधुरी संख्या १०४३४ जना रहेकोले बुद्धभूमि नगरपालिकाको पन्ध्रौं नगरसभाबाट बालश्रम मुक्त वडा घोषणा कार्यक्रमको लागि छुट्टाइएको बजेटले अपुग हुने भएकोले अपुग रकम आगामी १६औं हिउँदे अधिवेशनबाट बजेटको व्यवस्था गर्ने गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

६. **शिक्षक पदपूर्तिको लागि प्रश्नपत्र संगालो निर्माण सम्बन्धी कार्यविधि- २०८१ सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि नगरपालिकाको शिक्षक पदपूर्तिको लागि पश्नपत्र संगालो निर्माण सम्बन्धी कार्यविधि- २०८१ माथि छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो।

७. **विविध।**

क) नगरस्तरीय योजनाहरूको उपभोक्ता समिति गठन सम्बन्धमा।

बुद्धभूमि नगरपालिकाको नगरस्तरीय योजनाहरूको लागि स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७५ परिच्छेद २ को दफा ४(ग) अनुसार आ.व. २०८१।०८२ को नगरस्तरीय योजनाहरूको उपभोक्ता समिति गठनको लागि कार्यपालिका सदस्य प्रतिनिधि तोकी खटाउनको लागि नगर प्रमुख ज्यूलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

ख) भेटेरीनरी डाक्टर करार पदपूर्ति सम्बन्धमा।

नेपाल सरकारको संघीय सर्शत बजेट अन्तर्गत एक पालिका एक भेटेरीनरी डाक्टर शिर्षकमा रू. ५,२५,०००।- रकम विनियोजिन भएकोले सोही शिर्षकबाट तलब सुबिधा भुक्तान हुने गरी भेटेरीनरी डाक्टर करारमा पदपूर्तिका लागि १५ दिने सूचना प्रकाशन गरी आवेदन माग गर्ने निर्णय गरियो।

ग) डाबरा युवा क्बलको आर्थिक सहयोग सम्बन्धमा।

डाबरा युवा क्लब बुद्धभूमि नगरपालिका वडा नं. ४, डाबराको च.नं. ०५ मिति २०८१।०४।२० गतेको पत्रानुसार डाबरा युवा क्बलले नकआउट फुटबल प्रतियोगिता सञ्चालनको लागि आर्थिक सहयोग माग गरेकोले पन्ध्रौं नगरसभाको सि.नं. ५४ मा उल्लेखित २७२११ शीर्षकमा विनियोजित रू. १५,००,०००।- मध्येबाट रू. ३०,०००।– (अक्षरेपी तीस हजार मात्र) आर्थिक सहयोग दिने निर्णय गरियो।

घ) बुद्धभूमि मुस्लिम समाजको आर्थिक सहयोग सम्बन्धमा।

बुद्धभूमि नगरपालिका वडा नं. ५, क.व. मिति २०८१।०५।०९ गतेको पत्रानुसार मुस्लिम धर्मवालम्बीहरूको महान पर्व मोहम्मद जन्म जयन्ती (मोहम्मद डे) २०८१ भाद्र ३१ गतेका आवश्यक कार्यक्रम सञ्चालनका लागि आर्थिक सहयोग माग गरेकोले पन्ध्रौं नगरसभाको सि.नं. ५४ मा उल्लेखित २७२११ शीर्षकमा विनियोजित रू. १५,००,०००।- मध्येबाट रू. २५,०००।– (अक्षरेपी पच्चीस हजार मात्र) आर्थिक सहयोग दिने निर्णय गरियो।

ङ) नगर शिक्षा समितिको निर्णय सम्बन्धमा।

मिति २०८१।०५।०७ गते बसेको नगर शिक्षा समितिको बैठकको निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो।

पुरामणी पन्थी
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख